# समुन्नत पालिका निर्माण गर्न जनश्रमदान

**राजकुमार कार्की/हिटा**
ओखलढुंगा, १६ वैशाख



ओखलढुंगाको चम्पादेवी गाउँपालिकाले समुन्नत 'चम्पादेवी निर्माणमा जनसहभागिता अभियान' भन्ने मूल नाराका साथ महिनाको एक दिन जनश्रमदान गर्ने निर्णय गरेको छ । कार्यपालिकाको बैठकले हरेक महिनाको ११ गतेका दिन जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासीसहित श्रमदान गर्ने निर्णय गरेको हो । १० वटा वडा रहेको गाउँपालिकामा प्रत्येक महिनाको ११ गतेका दिन सबै वडाहरूमा जनप्रतिनिधि, कर्मचारीलगायत स्थानीयवासीको उपस्थितिमा श्रमदान गरिनेछ । प्रत्येक वडाका वडाध्यक्षहरूको अगुवाइमा वडामा विकासको आवश्यकता पहिचान गरी श्रमदान गराउन सक्नेछ ।

पानीको मूल संरक्षण, सरसफाइ, बाटो निर्माण, खानेपानी निर्माण तथा व्यवस्थापन, वन व्यवस्थापनलगायत वडाले आवश्यकताका आधारमा छनोट गरी प्रत्येक वडामा जनप्रतिनिधि र कर्मचारीसहितको जनसहभागितामा श्रमदान गरिने व्यवस्था गरिएको पालिका प्रमुख नवराज केसीले जानकारी दिनुभयो । दिगो विकास गरी चम्पादेवी गाउँपालिकालाई 'समुन्नत गाउँपालिका' बनाउन पदाधिकारीसहित कर्मचारीको सहभागितामा श्रमदान गर्ने व्यवस्था गरिएको प्रमुख केसीले बताउनुभयो ।

गाउँपालिकाको कार्यालयका कर्मचारीले पालिकाको कार्यालय भएको वडामा श्रमदान गर्नेछन् भने पालिका प्रमुख सबै वडामा पालैपालो सहभागी भई श्रमदानमा सहभागी हुने वडा नं. ९ का वडाध्यक्ष एवं प्रवक्ता सुजन पौडेलले जानकारी दिनुभयो ।

वैशाख ११ गतेबाट श्रमदान अभियान सुरु गरिएको भए पनि वैशाख १५ गते आधिकारिकरूपमा कार्यपालिकाको बैठकले निर्णय पास गरेको हो । वैशाख ११ गते पालिका प्रमुख नवराज केसी, निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रेमप्रसाद सुवेदीलगायत जनप्रतिनिधि र कर्मचारीको समूहले नवलपुर-ककनी सडकखण्डको मक्कखोलामा सोलिङ गरेको थियो ।

# बालकुमारी वन क्षेत्रको सरसफाइ



**हिमालय टाइम्स**
ललितपुर, १६ वैशाख

ललितपुर महानगरपालिका-१८ सैंबु भञ्ज्याङस्थित श्री बालकुमारी सामुदायिक वन उपभोक्ता समूहले सल्ला वन क्षेत्रको सरसफाइ गरेको छ । डिभिजन वन कार्यालय र मच्छिन्द्र सव डिभिजन वन कार्यालयको सहयोगमा आयोजना गरिएको सरसफाइ कार्यक्रममा दुई हेक्टर सल्लाको वनक्षेत्रको सफाई गरिएको थियो ।

सरसफाइ कार्यक्रममा डिभिजन वन कार्यालयका प्रमुख रामकुमार भण्डारी, मच्छिन्द्र सव डिभिजन वन कार्यालयका प्रमुख अनुपा घिमिरे, वडा नं १८ का अध्यक्ष दामोदर खड्काको सहभागिता रहेको सरसफाइ कार्यक्रममा सो क्षेत्रको फोहोर व्यवस्थापन गर्न सहयोग गरिहेको नेप्से म्याकले फोहोर ढुवानी र व्यवस्थापन गरेको थियो ।

सफाइ कार्यक्रममा बोल्दै डिभिजन वन कार्यालयका प्रमुख भण्डारीले महानगर क्षेत्रमा रहेको श्री वालकुमारी वनक्षेत्रको संरक्षण गर्न आह्वान गर्नुभयो । उहाँले पर्यापर्यटन क्षेत्र विकासको लागि कार्यालयले सक्दो सहयोग गर्ने धारणा राख्नुभयो । करिब पाँच हेक्टर क्षेत्रफलमा फैलिएको सो वन क्षेत्रमध्ये शनिबार दुई हेक्टर क्षेत्रको पूर्ण सरसफाइ गरिएको थियो । सफाई कार्यक्रममा श्री बालकुमारी सृजना क्लब, बालकुमारी आधारभूत विद्यालय, निर्मल, अस्मिता र श्रीकुल बोर्डिङ स्कुलका शिक्षक र विद्यार्थीको सहभागिता थियो । त्यस्तै, स्थानीय सिद्देश्वर र वत्सलादेवी महिला समूह, श्री बालकुमारी सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी, विभिन्न गुठी, बालकुमारी क्लबका पूर्वअध्यक्ष लगायतको उपस्थिति थियो । सरसफाइ कार्यक्रममा करिब दुई ट्रक फोहोर संकलन भएको वन समूहका अध्यक्ष किशोर कुँवरले जानकारी दिनुभयो ।

# विद्यालय छेवैमा खुलेआम 'ताडी' बिक्रीवितरण

**सञ्जीवकुमार मिश्रा/हिटा**
बारा, १६ वैशाख



*करैयामाई गाउँपालिका-७ उमजनमा विद्यालय छेउमै ताडी बिक्रीवितरण गर्दै व्यापारी ।*

वर्षमा एक सिजनमा मात्र ताड, खजुरको रुखबाट पाइने 'ताडी' पिउनेहरूको जमघट पछिल्लो समय बढेको छ । ताडी प्रायः शान्त र सडकछेउको बगैंचामा राखेर बिक्रीवितरण तथा सेवन गरिरहेको पाइन्छ । तर, मदिराजन्य तथा नशायुक्त पदार्थ सेवन तथा बिक्रीवितरण मापदण्ड सरकारले बनाएको छ । सरकारले बनाएको कानुन किताबमै सीमित भएको र सरोकारवाला निकायले चासो नदेखाउँदा बाराको करैयामाई गाउँपालिका-७ उमजनमा विद्यालय छेवैमा खुलेआम ताडी बिक्रीवितरण हुँदै आएको छ ।

उमजन बजारमा रहेको विद्यालयछेउमै खुलेआम ताडी बिक्रीवितरण हुन थालेपछि स्थानीयहरूले गुनासो गरेका छन् । ताडीका लागि प्रख्यात बाराको करैयामाई गाउँपालिका-७ स्थित उमजन बजारमा पनि अहिले ताडी पिउन आउनेहरूको दिनहुँ भिड लाग्ने गरेको छ ।

उमजनमा मात्र होइन, तराईका बारा, पर्सा, रौतहट जिल्लाका विभिन्न स्थानमा ताडी पिउने र ताडी बिक्री गर्नेहरूको टोली जताततै देख्न सकिन्छ । यहाँका युवा जमात फुर्सद हुनेबित्तिकै ताडी खान बिहानबेलुकी ताडी बिक्री हुने स्थलमा पुग्ने गरेका छन् । ताडी सिजनको फल भएकाले ताडीलाई ताड र खजुरको रुखको फल (जुस) भन्दै सबैले सेवन गर्ने गर्छन् । यसको सेवन र बिक्री गर्दा कुनै कानुनले रोकछेक गर्न नसक्ने भएकाले यसको बिक्री खुलारूपमै हुने गरेको स्थानीयको भनाइ छ ।

उमजन बजार नजिकैको बाँसघारीमा आधा दर्जन ताडी बिक्री गर्ने पसल थापिएका छन् । फुटपाथे पसलमा पनि ताडी पिउनेहरूको तँछाडमछाड चल्ने गर्दछ । सोही स्थानमा ताडी पसल थापेर बस्नुभएका स्थानीय लक्ष्मीनियादेवी रामलाई ग्राहकको मागलाई पूरा गर्न भ्याइनभ्याई भएको थियो । दैनिक दुई ग्यालिन ताडी ल्याएर बिक्री गर्ने गरेको उहाँले बताउनुभयो । 'दिनमा बियरको बोतलमा ५० रुपैयाँ प्रतिबोतल ताडी बिक्री गर्छु,' उहाँले भन्नुभयो, 'एउटा बोतलमा खर्च काटेर १० देखि २० रुपैयाँ नाफा हुन्छ ।' ताडी बेचेरै अहिले परिवारको खर्च धानेको उहाँले जानकारी दिनुभयो । २० देखि ३० रुपैयाँमा खरिद गरेको ताडी पसल थापेको एक/दुई घण्टामै बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो ।

उहाँमात्र होइन, स्थानीय जामुन पासवान पनि ताडी बेच्न सोही बाँसघारीमै अर्को पसल थापेर बस्नुभएको छ । उहाँले एक घण्टामै ४५ बोतल ताडी बिक्री गरेको जानकारी दिनुभयो । ताडी छाउने र बिक्री गर्ने पासवान जातिको पुर्ख्यौली पेशा नै हो । यो पेशालाई अहिलेसम्म धानेको उहाँले जानकारी दिनुभयो । 'यही पेशाले परिवार चलेको छ,' उहाँले भन्नुभयो, 'वर्षभरि यो काम गर्न नपाए पनि सिजनमा राम्रो आम्दानी हुने गरेको छ ।' चैतदेखि असार महिनासम्म यो फलको उत्पादन र कारोबार हुने गरेको उहाँले जानकारी दिनुभयो । जिल्लाको बेनौली, पिप्राढी, लंगडाचोक, सिम्रौनगढ, बसवरिया, कचोर्वा, इटवाल, तेलकुवा, कोतवालीलगायतका स्थानमा ताडी बिक्री हुने गरेको स्थानीयले बताएका छन् ।

गर्मी बढेसँगै ताडी सेवन गर्ने जमात विस्तारै बढ्न थालेको छ । यो सिजनमा यस क्षेत्रको बजारमा ताडीको माग अत्यधिक रहेको ताडी बिक्रेता बताउँछन् । मधुरो नशा र शरीरलाई फाइदा गर्ने भएकाले हरेक उमेर समूहका मानिसले ताडी मन पराउने गरेको उनीहरूको भनाइ छ ।

ताडीलाई सिजनको फलका रूपमा मानिने भएकाले यसको बिक्रीवितरण गर्न कानुनले रोकछेक गर्न नसकेको कलैयाका कानुन व्यवसायी तोयनाथ पौडेलले बताउनुभयो । 'यसको उत्पादन ताड र खजुर प्रजातिको रुखबाट हुन्छ,' उहाँले भन्नुभयो, 'ताडीलाई प्रविधिबाट मोडिफाई गर्न सकिँदैन ।' त्यसैले कानुनले यसलाई फलकै रूपमा लिएको उहाँले जानकारी दिनुभयो । तर, यस्ता पेय पदार्थहरू स्कुल नजिकै बिक्रीवितरण गरिनुहुँदैन, यो फल भए पनि केही न केहीमात्रामा नशा दिने भएकाले यसको सेवन नगर्नु स्वस्थकर हुन्छ । रोग लाग्नुभन्दा रोगको बोटै काट्नु जाति भनेझैं यसको सेवनबाट टाढै बस्नु जाती हुने उहाँले बताउनुभयो ।

# चट्याङ लागेर एक वृद्धको मृत्यु

**ताप्लेजुङ/हिटा ।** ताप्लेजुङको सिदिङ्वा गाउँपालिकामा शुक्रबार राती चट्याङ लागेर एक वृद्धको ज्यान गएको छ । सिदिङ्वा गाउँपालिका-६ मेहेलेका ६० वर्षीय श्रीप्रसाद कडरियाको चट्याङ लागेर मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कुसराम कार्कीका अनुसार घरैमा बसिरहेको अवस्थामा कडरियालाई चट्याङ लागेको हो । इलाका प्रहरी कार्यालय तेल्लोकबाट गएको टोलीले शव परीक्षणका लागि शनिबार जिल्ला अस्पताल ल्याएको छ । केही दिनअघि मात्रै चट्याङ लागेर मैवाखोला गाउँपालिकामा एक बालकको ज्यान गएको थियो ।


**Bagamati Province Government**
**Ministry of Water Supply, Energy and Irrigation**
**Water Resources and Irrigation Development Division Office, Kathmandu**
**Basundhara, Nepal**

**Invitation for Sealed Quatation**

**First date of Publication: 2080-01-17 (30th April, 2023)**

Water Resources & Irrigation Development Division Office, Kathmandu invites electronic sealed quotation from eligible bidders for the Work of

1. Supply of machine made gabion box for flood control/landslides; SQ-1/WRIDDKTM//079-80
   For further information visit PPMO's website : **www.bolpatra.gov.np/egp.**

**Division Chief**



**Chame Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Chame, Manang**
**Gandaki Province, Nepal**

**NOTICE OF INTENT OF ACCEPTANCE**

***(Date of Publication 2080-01-17 (30 April, 2023)***

For the provision of clause 27 sub clauses (2) and (3) of the Public Procurement Act 2063, this is notify to all bidders who submitted their bids for the contracts as per the notice published on 2079-12-14, (28 March 2023) in Madhyanha Times National Daily, that the following mentioned lowest evaluated substantial responsive bidder is intended to award the contract.

| Name of Project | Contract no | Name of Successful Bidder | Bid Amount (including VAT ) |
|---|---|---|---|
| Fabrication of steel parts of two trail bridge and transportation up to road head | CRM/Goods/NCB/ TB-01/2079-080 | Junkiri industries Pvt. ltd. Butwal industrial area | NRs. 2338523.07 |



**Shree Sarbajanik Secondary School**
**Galyang Municipality-1, Malunga**
**Galyang, Syangja**

**Invitation for Bids (IFB) for Construction of Administrative Block at Sarbajanik Ma Vi**

**IFB NO:13/2079-80**
**Second Date of Publication: 2023/04/30 ( 2080/01/17)**

1. Shree Sarbajanik Secondary School invites electronic bids from eligible bidders for Construction of Administrative Block at Sarbajanik Ma Vi under national competitive bidding – Single stage Two Envelope Bidding procedures.

| S. N. | Contract No. | Description of work | Last Date of Bid Submission | Bid Opening Date and Time | Cost of Bidding Document NRs |
|---|---|---|---|---|---|
| 1. | Contract ID: GM/SYA/NCB/WORKS/13/ 2079/080 | Construction of Administrative Block at Sarbajanik Ma Vi | 2023/05/29 12.00 Hours | 2023/05/29 14.00 Hours | 5,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Shree Sarbajanik Ma Vi/Galyang Municipality, Galyang, Syangja, Nepal or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp

**Principal**



**बागमती गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भुरभुरे, मकवानपुर**
**बागमती प्रदेश, नेपाल**

**आशय पत्र सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०१/१७**

यस कार्यालयको प्रथम पटक मिति २०७९/१२/०७ गते राष्ट्रिय दैनिक पत्रिका तथा **PPMO** को E-Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिम बोलपत्र न्यूनतम मुल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आएबमोजिम सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| क्र.सं. | बोलपत्र नं. | योजनाको नाम | सफल बोलपत्रदाताको नाम र ठेगाना | प्रस्तावित रकम (VAT सहित ) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | BRM/NCB/ WORKS/ 09/079/080 | Construction of PCC/RCC Road and Side Drain Jhurjhure Bhorleni Sadak-05 | Shree Bhairab Nirman Sewa , Kathmandu | 1,16,95,091.38/- | |
| 2 | BRM/NCB/ WORKS/ 08/079/080 | Plastering and Painting Work at Bandebi Primary School Bagmati-08 | Milan Multi Construction Pvt. Ltd, Kathmandu | 20,24,549.50/- | |

**प्रमुख प्रशासकीय अधिकृत**



**सुनकोशी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पांग्रेटार, सिन्धुपाल्चोक**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशित मिति २०८०/०१/१७)**

सुनकोशी गाउँपालिकाको कार्यालय, पांग्रेटार, सिन्धुपाल्चोकवाट मिति २०७९/१२/१३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रहरु आव्हान सम्बन्धी सूचना अनुसार रित पुर्वक म्याद भित्र दर्ता हुन आएका बोलपत्रदाताहरुको बोलपत्रको मुल्यांकन गर्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएका निम्न बमोजिमको बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र PS Item बाहेक) रु. |
|---|---|---|---|---|
| १ | SRM/NC-B/W-10/079-80 | Construction of Krishi Upaz Sankalan Tatha Bhandaran Kendra (Vertical Extension), SRM,Ward-2 | श्री KDN Construction,Gorkarneshwor-5 | २४,९९,७२३।२२ |
| २ | SRM/NC-B/W-11/079-80 | Construction of Krishi Upaz Sankalan Tatha Bhandaran Kendra(Vertical Extension), SRM,Ward-1 | श्री KDN Construction,Gorkarneshwor-5 | १८,०५,६३६।७८ |

**प्रमुख प्रशासकीय अधिकृत**
**सुनकोशी गाउँपालिका**